नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिककरण परियोजना
**परियोजना कार्यान्वयन एकाई, भक्तपुर**
(कार्यक्षेत्र: भक्तपुर, काठमाण्डौ र ललितपुर)

☎०१-५१४२१३१
इमेल:pmamp.piu.bhaktapur@gmail.com

चाँगुनारायण-८, सुडाल, भक्तपुर


नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाई भक्तपुर

## सूचना नं.: १०

# कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०९/१४)**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई भक्तपुर अन्तर्गत आ.व.२०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **भक्तपुर, ललितपुर र काठमाण्डौं जिल्लाहरुमा** संचालित आलु, तरकारी र गाइ/भैसीका जोन (व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र) क्षेत्र लगायत अन्य क्षेत्रमा संचालन हुने तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन चाहने संबन्धित इच्छुक कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति र नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुका आधिकारिक व्यक्तिले यस कार्यालयको निर्धारित ढांचाको आवेदनसाथ निम्न बमोजिमको आवश्यक कागजातहरु सहित कार्यालय समयभित्र परियोजना कार्यान्वयन एकाई, भक्तपुरमा मिति २०७८ माघ १३ गते सम्म प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै इच्छुक कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुले आवेदन सहितको प्रस्ताव पेश गर्ने अन्तिम म्याद अगावै नियमानुसार संबन्धित जोनमा सूचिकृत भई कार्यक्रममा सहभागिताको लागि प्रस्ताव पेश गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | वजेट रु लाखमा | यस कार्यालयवाट उपलब्ध हुनसक्ने अनुदान | प्रस्ताव आवेदन पेश गर्दा ध्यान दिनु पर्ने मुख्य मुख्य विवरण |
|---|---|---|---|---|---|---|
| १ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | २० | ४० | कुल लागतको ५०% अनुदान (अधिकतम २ लाख सम्म) | सिंचाइका लागि निर्माण गरिने बाँध, नहर कुलो पैनी स्यालो तथा डिप ट्युववेल निर्माण तथा मर्मत कार्यमा समावेश गराईने । |
| २ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार(अन्य संस्थालाई सःशर्त पूजिगत अनुदान ) | संख्या | ३० | ४५ | कुल लागतको ५०% अनुदान (अधिकतम १.५ लाख सम्म) | व्यावसायिक आलु/तरकारी खेती गरेको हुनु पर्ने । |
| ३ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ४८ | कुल लागतको ५०% अनुदान | व्यावसायिक आलु/तरकारी खेती वा पशुपालन गरेको हुनु पर्ने । |
| ४ | कृषि बजार, भण्डारण पुर्वाधार, प्रथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना | संख्या | २ | २० | कुल लागतको ५०% अनुदान (अधिकतम १० लाख सम्म) | आलु/तरकारी वाली वा पशुपालनको मुल्य श्रृङ्खलामा आधारित उद्योग वा प्रशोधन उद्योग वा बजार तथा भण्डारण पूर्वाधार निर्माण |

**आवेदनका साथ संग्लग्न गर्नुपर्ने कागजातहरु**

१. संस्थाको छाप सहितको रु. १० को हुलाक टिकट टाँसेको कार्यालयले तोकेको ढाँचामा आवेदन साथ परियोजना कार्यान्वयन एकाइले तयार गरेको फर्मेट अनुसारको तथ्याङ्क सम्बन्धी विवरण ।
२. कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) संबन्धित सरकारी निकायमा विधिवत रुपमा संस्था दर्ता भएको तथा नियमानुसार नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपी।
३. आवेदक संस्थाको बैठकको निर्णयको प्रतिलिपी।
४. सम्वन्धित गाँउ पालिका, नगरपालिका, वडा कार्यालय वा पालिकाको पशु विकास शाखाको सिफारिश पत्र ।

टीकाराम शर्मा
वरिष्ठ कृषि अधिकृत

५. सहकारी सस्था/फर्महरुको आ.व.२०७७/०७८ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।

६. कर तिर्नुपर्ने संस्थाले अघिल्लो आ.व. मा कर तिरेको रसिद वा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

७. स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपी ।

७. आवेदन दिने संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपी

८. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा लालपूर्जाको प्रतिलिपी र भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र पेश गर्नुपर्नेछ ।साथै पूर्वाधार निर्माणको हकमा कम्तीमा १० वर्षको सम्झौता अवधि हुनुपर्नेछ ।

**पुनश्च:** साथै आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात नपुगेमा आवेदन स्वीकृत गर्न बाध्य हुने छैन ।

**थप जानकारीको लागि:** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना कार्यान्वयन एकाइ, भक्तपुर, सु. न.पा.-६, चुनदेवी, भक्तपुर फोन नं.: ०१-५७०८१००, सूचना अधिकारी मोवाइल नं.:९८५११४२१३१
वा वा जोन प्राविधिक एकाई, काठमाण्डौं, शंखरापुर न.पा.-६, साँखु, काठमाण्डौं ०१-४४५१६५२ वा जोन प्राविधिक एकाई, गोदावरी न-.पा.१२, ठेचो, ललितपुर। र यस कार्यालयको Website: piubhaktapur.pmamp.gov.np बाट जानकारी प्राप्त तथा आवेदनको ढाँचा डाउनलोड गर्न सकिने छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
भक्तपुर

टीकाराम शर्मा
वरिष्ठ कृषि अधिकृत